स्थानीय सरकार
नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचावेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल
email:nechasalyan345@gmail.com
info@nechasalyanmun.gov.np
website:https://nechasalyanmun.gov

प. सं.२०८३।०८४
च. नं.

**बिहिवारे बजार ट्रस भवनको बहाल बिटौरी कर संकलन लगाउने सम्बन्धी सूचना**
**(सूचना नं. 01/NSRM/2083/084, प्रकाशित मिति: २०८३/०५/०८)**

यस गाउँपालिकाको वडा नं. ३, स्थित बिहिवारे बजार ट्रस भवनमा रहेको ५ वटा सर्टरको सम्झौता भएको मितिले तोकिएको अवधि सम्मका लागि बढाबढमा खुल्ला प्रतिष्पर्धा गराई ठेक्कामा लगाउनुपर्ने भएकोले सार्वजनिक पद धारण गरी राज्य कोषबाट सरकारी सेवा सुविधा लिने व्यक्ति बाहेक ईच्छुक व्यावसायीक व्यक्तिहरु, ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीहरुका लागि तपसिलमा उल्लेख भए बमोजिमका शर्तहरुको अधीनमा रही रितपूर्वकको सिलबन्दी प्रस्तावपत्र आह्वान गरिएको छ।

**सिलबन्दी प्रस्तावपत्र सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | न्यूनतम वार्षिक सम्झौता प्रति सर्टर रकम रु | सिलबन्दी प्रस्ताव खोल्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|
| १ | नेचासल्यान गाउँपालिकाको वडा नं. ३, स्थित बिहिवारे बजार ट्रसभवनमा रहेको ५ वटा सर्टरको बहाल बिटौरी कर संकलन गर्ने कार्य | ३०,०००।- (मासिक २५०० न्यूनतम कर सहित ) | मिति २०८३/०५/१५ गते दिनको २ बजे | |

**यस गाउँपालिकाको वडा नं. ३, स्थित बिहिवारे बजार ट्रस भवनमा रहेको ५ वटा सर्टरको बहाल बिटौरी कर संकलन सम्बन्धी ठेक्काका शर्तहरु:**

(१) यस सूचना बाट छनौट भएका व्यावसायीक व्यक्तिहरु, ईजाजत प्राप्त फर्म, संस्था, कम्पनीहरु वा व्यवसायीहरुको सम्झौता अवधि अधिकतम ४ वर्षको हुनेछ। प्रत्येक दुई (२) वर्षमा साबिक सम्झौता रकमको दश (१०) प्रतिशत भाडा वृद्धि हुनेछ।

(२) ठेक्का लगाईने सम्बन्धी प्रक्रिया सिलवन्दी प्रस्तावपत्र विधि मार्फत् गरिनेछ। प्रस्तावपत्र सूचनाको अवधि ७ (सात) दिनको हुनेछ र सोही दिनमा सिलबन्दी प्रस्तावपत्रहरू नियमानुसार खोलिनेछ।

(३) प्रस्तावपत्रदाताले बढाबढ प्रस्तावपत्र पेश गर्दा ठेक्का सम्झौतामा प्रचलित कानून बमोजिम कुनै किसिमको अयोग्य छैन भन्ने स्व-घोषणापत्र पेश गर्नु पर्नेछ।

(४) बिहिवारे बजार ट्रस भवनको बहाल बिटौरी कर संकलनको ठेक्का लिने सम्बन्धी सिलबन्दी दरभाउपत्रको रु ३५०० (तिन हजार पाँच सय) सिलवन्दी प्रस्तावपत्र पेश गर्दा नै जमानत राखु पर्नेछ ।

(५) सम्झौता भए पश्चात सबै निवेदकहरुको जमानत रकम फिर्ता हुनेछ तर ठेक्का प्रक्रियाको निवेदन फिर्ता गर्ने व्यावसायी र यस ठेक्कामा छनौट भएको प्रस्तावदाता तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा उक्त जमानत रकम जफत हुनेछ।

(६) छनौट भएका व्यावसायीक व्यक्तिहरु, ईजाजत प्राप्त फर्म,संस्था,कम्पनीहरु वा व्यावसायीहरुले सम्झौताको समयमानै कम्तिमा एक वर्ष भरिको (१२ महिना ) पुरै वार्षिक भाडा नगद वा बैङ्क ग्यारेन्टी अनिवार्य दाखिला गरे पश्चात मात्र सम्झौता गरिनेछ साथै वर्ष पूरा हुने १२ औ महिनाको १५ गते सम्म आगामी अर्को १ वर्ष भरिको हुन आउने पूरै भाडा रकम नगद वा बैङ्क ग्यारेन्टी अनिवार्य रुपमा दाखिला गर्नुपर्नेछ।

२०८३।०५।०८

email:nechasalyan345@gmail.com
info@nechasalyanmun.gov.np
website:https://nechasalyanmun.gov

(७) सर्टर संग सम्बन्धित क्षेत्रको सरसफाई, पानी, बिजुली, मर्मत सम्भार तथा कर-दस्तुर लगायत अन्य विविध खर्च व्यवसायी स्वयमले व्यहोर्नु पर्नेछ। बिजुलीको बिल बापतको रकम सब - मिटरमा उठेको आधारमा गाउँपालिकामा प्रत्येक महिनाको अन्त्यमा बुझाउनुपर्नेछ यदि ढिला गरी बुझाएमा नियमानुसार जरिवाना समेत थपेर बुझाउनुपर्नेछ।

(८) पूर्व स्वीकृति नलिई आफूखुसी कुनै पनि सर्टर या संरचनाको स्वरुप परिवर्तन गर्न पाईने छैन। विपरित कार्य गरी बहालमा लिनेले लापरबाही गरी भवन वा संरचनाहरूमा क्षति हुन गएमा वा बिग्रे भत्केमा सो को मर्मत सम्भार बहालमा लिने आफैले व्यहोर्नू पर्नेछ। यदि समयमा मर्मत सम्भार नगरेमा गाउँपालिकाले कार्य गराई लागेको सम्पूर्ण खर्च सम्बन्धित बहालमा लिने व्यक्ति, फर्म वा कम्पनिबाट सरकारी बांकी सरह असुल उपर गरिनेछ।

(९) ठेक्का लिने व्यावसायीक व्यक्तिहरु, ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीहरुले सम्झौता अन्त्य गर्न चाहेमा सम्झौता भएको मितिले एक वर्ष पुग्नु भन्दा १ महिना अगावै को १ गते भित्र गाउँपालिकालाई पूर्व जानकारी गराउनु पर्नेछ। ततपश्चात मात्र अर्को महिना को मसान्त बाट लागू हुने गरी गाउँपालिकाले सम्झौताको अन्त्य गर्न सक्नेछ।

(१०) यस गाउँपालिकालाई बुझाउनु पर्ने कर राजश्व, भाडा वा अन्य यस्तै प्रकारको तिर्न बाँकि बक्यौता रहेको व्यवसायी, संघ-संस्थाले बाँकी बक्यौता रकम नबुझाई यस खरिद प्रक्रियामा भाग लिन पाउने छैन र सो सम्बन्धी स्वघोषणा पेश गर्नुपर्ने छ।

(११) ठेक्का लिने व्यवसायी, संघ-संस्थाले सरकारद्वारा प्रतिबन्धित मालसामान राख्न र शंकास्पद क्रियाकलाप गर्न पाईने छैन। त्यस्तो राखे वा गरे गराएको पाईएमा व्यवसायी, संघ-संस्था नै पूर्ण जिम्मेवार हुनेछ।

(१२) पूर्व स्वीकृति नलिई निवेदकले आफूखुसी अन्यलाई भाडामा लगाउन पाईने छैन तथा कुन व्यवसाय गर्ने भन्ने प्रष्ट खुलाएर मात्र सिलबन्दी प्रस्तावपत्र पेश गर्नुपर्नेछ र व्यवसाय परिवर्तन गर्नुपरे गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

(१३) बिहिवारे बजार ट्रस भवनको सर्टर १-५ सम्म कुन सर्टर कुन व्यवसायीले लिने भनेर बढाबढ को मेरिट का आधारमा सबै भन्दा बढि पेश गर्ने व्यावसायी लाई क्रमशः रोज्न दिईनेछ तर यदि कबोल अंक बराबर भएमा गाउँपालिकाले गोलाप्रथाको माध्यमबाट छनौट गर्नेछ।

(१४) बहाल बिटौरी कर संकलनको सिलबन्दी प्रस्तावपत्रको जमानत बापतको रकम यस गाउँपालिकाको धरौटी खाता २५२०१००३०३००००००२ र सम्झौता गर्दा को ठेक्का रकम गाउँपालिकाको आन्तरिक राजश्व खाता (२५२०१००३०१०१०००२, राजश्व शीर्षक बहाल बिटौरी कर ११३१८) मा राष्ट्रिय वाणिज्य बैङ्क तथा गाउँलिकाको राजश्व खातामा जम्मा गर्नुपर्ने छ।

(१५) ठेक्का लिने व्यवसायी, संघ-संस्था र गाउँपालिका कार्यालय बीच कुनै विवाद परेमा गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ।

(१६) प्रचलित कानुन बमोजिम व्यवसाय दर्ता तथा नवीकरण भएको कागजात र प्रोपाइटरको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित आवेदन पेस गर्नुपर्नेछ।

(१७) यस सम्बन्धी थप जानकारी लिन यस कार्यालयको प्रशासन शाखा तथा राजश्व शाखामा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

२०८२।०५।०८

टंकनाथ घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

# सिलबन्दी प्रस्तावपत्र (निवेदन)

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू। मितिः

नेचासल्यान गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नेचावेतघारी, सोलुखुम्बु।

**विषय: बिहिवारे बजार ट्रस भवनको सर्टर बहाल बिटौरी कर संकलन सम्बन्धी सिलबन्दी प्रस्ताव पेश गरिएको बारे।**
(सूचना नं.: ०१/NSRM/२०८३/०८४, प्रकाशित मिति: २०८३/०५/०८)

नेचासल्यान गाउँपालिकाको वडा नं. ३, स्थित बिहिवारे बजार ट्रस भवनमा रहेका ५ वटा सर्टरहरूको बहाल बिटौरी कर संकलन कार्य खुल्ला प्रतिस्पर्धात्मक ठेक्का प्रक्रियामार्फत सञ्चालन गर्न प्रकाशित सूचना अनुसार यो सिलबन्दी प्रस्ताव पेश गरेको छु/छौं। सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू स्वीकार गरी निम्न विवरण अनुसारको कबोल अङ्क तथा कागजातहरू संलग्न राखी निवेदन पेश गर्दछु/गर्दछौं।

**१. आवेदक / फर्म / संस्थाको विवरण:**

- **आवेदकको फर्मको नाम (व्यक्ति/फर्म/कम्पनी):** ........................................................................
- **प्रोपराइटर/अधिकार प्राप्त व्यक्तिको नाम:** ........................................................................
- **व्यावसाय दर्ता नं र नविकरण भएको मिति** ........................................................................
- **प्रोपराइटर नागरिकता नं. र जारी मिति:** ........................................................................
- **स्थायी ठेगाना:** ........................................................................
- **हालको सम्पर्क ठेगाना र फोन नं.:** ........................................................................
- **प्यान (PAN) :** ........................................................................
- **भ्याट (VAT) नं. (भएमा):** ........................................................................
- **सञ्चालन/ संचालित गर्न चाहेको व्यवसायको विवरण:** ........................................................................

**२. कबोल गरिएको वार्षिक रकम (प्रति सर्टर वार्षिक/मासिक):**

- अङ्कमा: रु. ................................../- (अक्षेरेपी रु. ........................................................................ मात्र)

*(नोट: न्यूनतम मासिक २५०० वा वार्षिक रकम रु. ३०,०००/- हुनुपर्नेछ)*

**३. धरौटी (जमानत) सम्बन्धी विवरण:**

- **धरौटी रकम:** रु. ३,५००/- (तीन हजार पाँच सय मात्र)
- **भौचर/रसिद नं. र मिति:** ........................................................

*(गाउँपालिकाको धरौटी खाता नं. २५२०१००३०३००००००२ मा जम्मा गरेको भौचर/रसीद)*

**४. स्व-घोषणा:**

- प्रोपराइटर म/हामी कुनै पनि सरकारी, सार्वजनिक वा राज्य कोषबाट सेवा-सुविधा पाउने पदमा बहाल नरहेको जानकारी गराउँछु/गराउँछौं।
- मेरो/हाम्रो व्यावसाय, फर्म /कम्पनी प्रचलित कानून बमोजिम प्रस्तुत ठेक्कामा सहभागि गर्न कुनै अयोग्य नरहेको र गाउँपालिकामा तिर्नु/बुझाउनुपर्ने कुनै पनि कर/राजस्व वा बक्यौता बाँकी नरहेको स्व-घोषणा गर्दछु/गर्दछौं।
- प्रस्तुत ठेककाको सूचनामा उल्लेख भएका सम्पूर्ण १७ वटा शर्तहरू पूर्ण रूपमा पालना गर्न मञ्जुर गर्दछु/गर्दछौं।

**संलग्न कागजातहरू:**

१. प्रोपाईटरको नेपाली नागरिकताको प्रतिलिपि

२. व्यवसाय,फर्म/संस्था/कम्पनीको दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि

३. धरौटी रकम (रु. ३,५००/-) जम्मा गरेको बेङ्क भौचर वा रसिद

४. प्यान/भ्याट दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

**निवेदक( प्रोपाईटर वा निजले तोकेको आधिकारीक व्यक्ति )**

दस्तखत: ..........................................

नाम/थर: ..........................................

फर्म/संस्थाको छाप (भएमा): ....................

मिति: ..........................................